# स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०८०/०७/०१

## प्रस्तावना

हतुवागढी गाउँपालिका क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयहरुमा विद्यमान शिक्षक अभाव नै रहेको, पठनपाठनमा अझपनि असहज हुदैं आएको विद्यमान अवस्थामा कार्यरत विद्यालयमा कुनै महिला शिक्षक सुत्केरी भई नेपाल सरकारले दिएको बिदा सुविधा (९८ दिन) मा बसेको अवधिमा नियमित शिक्षण सिकाइ क्रियाकलापमा अवरोध सिर्जना भई विद्यार्थीको शिक्षण सिकाइमा क्षति हुन नदिन स्वयंसेवक शिक्षक गाउँपालिकाको तर्फबाट व्यवस्थापन गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा दिने उद्देश्यले यो कार्यविधि नेपालको संविधान २०७२ को अनुसूची ८ मा उल्लिखित स्थानीय तहको एकल अधिकारको सूची एवम् स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) मा उल्लिखित आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधार मार्गचित्र २०७९ लाई कार्यान्वयन गर्न वान्छनीय भएकोले हतुवागढी गाउँपालिका,घोडटार,भोजपुरले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भ** : (क) यो कार्यविधिको नाम "स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "स्वयंसेवक शिक्षक" भन्नाले यसै कार्यविधि बमोजिम नियुक्त स्वयंसेवक शिक्षक सम्झनुपर्छ ।
(ख) "गाउँपालिका" भन्नाले हतुवागढी गाउँपालिका,घोडेटार,भोजपुरलाई सम्झनुपर्छ ।
(ग) "कार्यपालिका" भन्नाले हतुवागढी गाउँकार्यपालिका सम्झनुपर्छ ।
(घ) "परीक्षा" भन्नाले स्वयंसेवक शिक्षक छनौटका लागि विद्यालयद्वारा संचालन गरिने लिखित परीक्षा, प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्तामध्ये कुनै एक परीक्षा वा दुई वा तीन वटै परीक्षा सम्झनुपर्छ ।
(ङ) "शिक्षा शाखा" भन्नाले हतुवागढी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

३. **कार्यविधिको उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका क्षेत्रभित्र संचालित सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरुमा कार्यरत महिला शिक्षक सुत्केरी बिदामा बसेको अवस्थामा विद्यालयमा शिक्षक अभाव परिपूर्ति गर्न स्वयंसेवक शिक्षकहरुको छनौट तथा सिफारिस गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुर्याउनें,

(ख) स्वयंसेवक शिक्षक भर्ना प्रक्रियालाई व्यवस्थित बनाउने ।

## परिच्छेद-२
## स्वयंसेवक शिक्षक कोटा निर्धारण र वितरण सम्बन्धी व्यवस्था

**४. स्वयंसेवक शिक्षक कोटा निर्धारण र वितरण प्रक्रिया निम्नानुसार हुनेछ -**

(१) गाउँपालिकाले आफ्नै आन्तरिक स्रोतबाट व्यहोर्ने गरी शिक्षा, युवा तथा खेलकुद शाखाको सहयोगमा गाउँ शिक्षा समितिबाट स्वयंसेवक शिक्षक कोटा (संख्या) निर्धारण गरिनेछ । कोटा निर्धारण गर्दा शिक्षा नियमावली, २०५९ अनुसार अनुसूची १२ को नियम ९२ सँग सम्बन्धित अनुसार प्राप्त दरवन्दी, राहत र अनुदान बाहेक नपुग कोटा निर्धारण गरिनेछ ।
(२) गाउँपालकि भित्रका सामुदायिक विद्यालयहरुमा स्वयंसेवक शिक्षक कोटा (संख्या) वितरण गर्दा देहाय बमोजिमका आधारमा गरिनेछ ।

(क) विद्यालयहरुमा अध्ययनरत विद्यार्थी संख्या एवम् शिक्षक संख्याका आधारमा शिक्षक अभाव रहे/नरहेको तथा सहज ढंगले पठनपाठन हुन सक्ने वा नसक्ने यकिन गरी विद्यालयगत रूपमा कोटा निर्धारण गरिनेछ।

(ख) कक्षागत र विषयगत शिक्षक नपुग भएका सामुदायिक विद्यालयहरुमा कक्षागत रूपमा प्रति कक्षा न्यूनतम २० जना विद्यार्थी भएमा स्वयंसेवक शिक्षक कोटा उपलब्ध गराउन सकिनेछ तर माथिल्लो तहमा तोकिए भन्दा कम शिक्षक दरबन्दी वा राहत अनुदान भएमा र तल्लो तहमा विद्यमान शिक्षक संख्याले कक्षागत रूपमा शिक्षक नपुग भएमा स्वयंसेवक शिक्षक कोटा उपलब्ध गराउन सकिनेछ।

(ग) सेवाक्षेत्रको जनसंख्या र विद्यार्थी संख्या न्यून भएमा एवम् भौतिक पूर्वाधार कमजोर रहेको विद्यालयमा स्वयंसेवक शिक्षक कोटा उपलब्ध गराइने छैन।

(३) विद्यालयगत रूपमा वितरण गरिने कोटा अनुसार स्वयंसेवक शिक्षक खटिदा समेत सहजरूपमा विद्यालय संचालन हुन नसकेको र शैक्षिक गुणस्तरमा सुधार आउन नसकेको व्यहोरा गाउँपालिकाबाट गरिएको अनुगमन प्रतिवेदन र शिक्षा, युवा तथा खेलकुद शाखाको सिफारिसमा देखिएमा गाउँपालिकाले सोको प्रभाव मूल्यांकन गरी गाउँ शिक्षा समितिले स्वयंसेवक शिक्षक कोटा पुनर्वितरण एवम् फिर्ता गर्न सक्नेछ।

(४) महिला शिक्षक सुत्केरी बिदामा बसेको जानकारी विद्यालयबाट आएमा सो विद्यालयको आवश्यकतालाई मनन गरी गाउँ कार्यपालिका कार्यालयले गाउँ शिक्षा समितिको सिफारिस अनुसार एक स्वयम सेवक शिक्षक राख्न सो विद्यालयलाई अनुमति दिन सक्नेछ।

## परिच्छेद -३
## स्वयंसेवक शिक्षक व्यवस्थापन तथा सर्तबन्देज

**५. स्वयंसेवक शिक्षक व्यवस्थापन गर्दा निम्न सर्त बन्देज रहनेछन् -**

(१) स्वयमंसेवक शिक्षकका लागि आवेदन दिने उम्मेद्वार १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने, नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको तथा भविष्यमा सरकारी नोकरी एवम् शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवाबाट बर्खास्त नगरिएको हुनुपर्ने।

(२) शैक्षिक योग्यताः

क. आधारभूत तहका लागि निम्नतम +२ वा सो सरह उत्तीर्ण

ख. माध्यमिक तहका लागि निम्नतम स्नातक तह वा सो सरह उत्तीर्ण

ग. ११-१२ का लागि निम्नतम स्नातककोत्तर वा सो सरह उत्तीर्ण ।

(३) स्वयमंसेवक शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम अनुसार नै गर्नुपर्ने। साथै विषय विज्ञ तथा रोष्टरको लागि शिक्षा विकास तथा समन्वय इकाइ,भोजपुरले निकालेको रोष्टर सूचीलाई आधार लिनुपर्ने।

(४) स्वयंसेवक शिक्षक नियुक्ति प्रक्रिया शिक्षा ऐन तथा नियमावली अनुसार गर्ने। तर अध्यापन अनुमति पत्र अनिवार्य नगर्ने तथा भएकालाई ग्राह्यता दिने।

(५) स्वयमसेवक शिक्षकको सेवाको अवधि बढीमा ९० दिन अर्थात तीन महिनाको हुने।

(६) महिला शिक्षकले सुत्केरी विदा लिएको जानकारी पत्रसहित विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि,वडा कार्यालयको सिफारिस र विद्यालयको आवश्यकता अनुसार कुन विषय र तहको स्वयमसेवक शिक्षक आवश्यकता हो निक्यौंल गरी विद्यालयबाट शिक्षा,युवा तथा खेलकुद शाखामा माग निवेदन पेश गर्नुपर्ने।

(७) विद्यालयबाट प्राप्त निवेदन उपर गाउँ शिक्षा समितिले निर्णय गरी कम्तिमा पनि ७ दिन अवधिको समय राखि विज्ञापन गर्ने अनुमति विद्यालयलाई दिने। अनुमति पाएपछि रितपूर्वक विज्ञापन गर्ने र गाउँपालिकाको समन्वयमा परीक्षा गराउने तथा उत्कृष्टलाई नियुक्ति दिने जिम्मा विद्यालयको हुने।

(८) बालविकासका लागि स्वयंसेवक शिक्षक महिला नै हुनुपर्ने।

परिच्छेद -४

## स्वयंसेवक शिक्षकको सेवा सुविधा

**६. स्वयंसेवक शिक्षकको मासिक निर्वाह भत्ता देहाय बमोजिम हुनेछ -**

| क्र.स. | पद | तह | मासिक निर्वाह भत्ता रु. | कैफियत |
|---|---|---|---|---|
| १ | स्वयमसेवक शिक्षक | बाल बिकास सहजकर्ता | ८५०० | विद्यालयको अन्तरिक स्रोतबाट विद्यालयले चाहेमा थप भत्ता दिन सक्नेछ। |
| २ | स्वयमसेवक शिक्षक | आधारभूत तह (कक्षा १-५) | १६४५१ | |
| ३ | स्वयमसेवक शिक्षक | आधारभूत तह (कक्षा ६-८) | १७३६५ | |
| ४ | स्वयमसेवक शिक्षक | माध्यमिक तह (९-१०) | २१८४५ | |
| ५ | स्वयमसेवक शिक्षक | माध्यमिक तह (११-१२) | २४३६९ | |

(१) स्वयंसेवक शिक्षकले पाउने विदा र विदासम्बन्धी प्रक्रिया नेपाल सरकारबाट तोकिएका सार्वजनिक तथा स्थानीय सरकारले दिएका विदा बाहेक अन्य कुनै पनि विदा नपाउने।

(२) स्वयंसेवक शिक्षकको मासिक निर्वाह भत्ता नीज कार्यरत विद्यालयको खातामा निकासा गरिनेछ। यसको लागि सम्बन्धित विद्यालयको त्रैमासिक रूपमा निकासा माग फारम गाउँपालिकामा पेश गर्नुपर्नेछ। निकासा पश्चात् सम्बन्धित विद्यालयले निजको कार्यसम्पादन र हाजिरी अभिलेखका आधारमा स्वयंसेवक शिक्षकको बैंक खाता मार्फत भुक्तानी दिनुपर्नेछ।

परिच्छेद -५

## स्वयंसेवक शिक्षकको आचारसंहिता

**७. स्वयंसेवक शिक्षकले देहाय बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ :**

(१) विद्यालयसँग भएको सम्झौता अनुरूपको कार्य इमान्दारीपूर्वक पालना गर्नुपने,

(२) निर्धारित समयमा नियमित रूपले विद्यालयमा आए-गएको समय जनाई हाजिरी गर्ने र विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थितनहुने,

(३) शिक्षक, विद्यार्थी र समुदायमा कुनै भाषा, धर्म, तथा सम्प्रदाय विरोधी भावना फैलाउन नहुने,

(४) गाउँपालिकाको नीति तथा कानुन प्रतिकूल हुने कुनै कार्य नगर्ने,

(५) कुनै पनि राजनीतिक गतिविधिमा संलग्न नहुने,

(६) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचार व्यवहार अवलम्वन गर्ने।

परिच्छेद -६

## अनुगमन तथा प्रतिवेदन

**७. स्वयंसेवक शिक्षकको अनुगमन तथा सुपरीवेक्षण र प्रतिवेदन पेश देहाय बमोजिम गर्नुपर्नेछ :**

(१) स्वयंसेवक शिक्षकले गरेको कार्यसम्पादनको नियमित अनुगमन गर्ने र मासिक प्रतिवेदन पठाउने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ।

(२) सम्बन्धित वडा कार्यालय र गाउँपालिकाका पदाधिकारी एवम् कर्मचारीहरुबाट समयसमयमा स्वयंसेवक शिक्षकले गरेको कार्यको स्थलगत अनुगमन तथा सुपरीवेक्षण हुनेछ।

(३) नियुक्ति हुने स्वयंसेवक शिक्षकको कार्यसम्पादन सन्तोषजनक नरहेको व्यहोरा गाउँपालिकाबाट भएको स्थलगत अनुगमन/निरीक्षणबाट देखिएमा गाउँपालिकाले जुनसुकै बखत हटाउन सक्नेछ। तर, निजलाई सफाइ पेश गर्ने मौकाबाट वन्चित गरिने छैन।

परिच्छेद- ७

## विविध

८. यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम हुने र उल्लेख नभएको विषयमा गाउँपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

९. यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।